प्रस्ताव नं. १ निति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. १ :

प्रस्ताव नं. १ माथी व्यापक छलफल गर्दा यस कालिकामाई गाउपालिकाको गाउँ सभाबाट नीति तथा कार्यक्रम, २०७७ सर्वसम्मतिबाट स्वीकृत गरियो ।

# कालिकामाई गाउँपालिका

## नीति तथा कार्यक्रम, आ.व. २०७७।०७८

*कार्यपालिकाबाट स्वीकृत मिति :* –**२०७७।०४।२८**

कालिकामाई गाउँपालिका

**हरिहपुर बिर्ता**, पर्सा

*गाउँ सभामा प्रस्तुत भएको मिति :* – **२०७७।०४।२९** *गते*

## कालिकामाई गाउँपालीकाको गाउँ सभामा उपाध्यक्ष श्री राजेश कुमार चौरसिया बाट प्रस्तुत

## नीति,कार्यक्रम तथा बजेट

कालिकामाई गाउँपालीकाको छैठो ऐतिहासिक गाउँसभाको अध्यक्षता गरिराख्नु भएका गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका र गाउँसभाका सम्पुर्ण सदस्यज्युहरु, पत्रकारहरुज्यू तथा कर्मचारी मित्रहरु सबैलाई हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु :

सम्पुर्ण विशव नै COVID -19 (कोरोना भाइरस) माहामारीको चपेटामा परिरहेको चुनैतीपुर्ण र अस्हज अवश्थामा आज यस गाउँसभाको बैठकलाई संबोध गर्दछु ।

सर्वप्रथम यस गरिमामय पाचौ गाउँ सभामा विगतदेखि अधिकार प्राप्तीका लागि आन्दोलन गर्दै नेपालको सार्वभैमसता स्वाधिन्ता, भैगोलिक अखणडता, राष्ट्रिहित, स्वाभिमान , लोकतनत्र र मधेसको हक अधिकार स्थापना गर्न आफ्नो प्राण आहुती गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुलाई स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेत्रित्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु , नेपाली समाजको रुपान्त्रणमा व्हाहरुले ल्याउनु भएको महान योगदानको पुनः स्मर्ण गर्न चाहन्छु ।

नेपाल आमाको थुप्रै सपुतहरुको संघर्ष र बलिदानी बाट वि.सं. २००७ साल देखि आफ्नो प्रतिनिधिबाट बनाईएको संविधानबाट शासन गर्ने उत्कृष्ट चाहाना हाल आएर बर्तमान संबिधान पश्चात पुराभएको छ । हामिले संविधानमा लिपिबद्ध गरेको स्थानीय स्वशासनको अबधारणाले नागरिक सँगै नागरिकको मनमस्तिष्क छुने तथा दुःख सुखमा जनतासगै स्थानीय सरकारको प्रत्याभुत गरिएकोछ । कालिकामाई गाउँपालीकाको विकास र सम्वृद्धिका लागि पाचौ गाउँ सभामा स्थानीय सरकारको निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसिको अनुभुति गरेको छु ।
कोभिड-१९ को संक्रमण प्रार्मभ भए लगतै यस गाउँपालिकाले गरेको स्पस्ट रणनिति समन्वयातम्क कार्यशैली एमः सबै गाउँवासिको एकता, धैर्य र सहयोगले अहिले सम्म यस रोगको संक्रमणबाट गाउँपालिका भित्र सबैको जिवन रक्षा गर्न हामि सफल भएका छै । सक्रमण थप फैलिन नदिन र यस माहामारीमाथी विजय प्राप्त गर्न अगामी दिनमा यस गाउँपालिकाबाट हुन सकने सम्पुर्ण क्रियाकलाप, अझ बढी सतर्कता समन्व र एकता आवश्यक भएकोले एकढिका भएर दृढताका साथ लाग्न म सबैमा अहवान गर्दछु ।

यस जोखिम पुर्ण प्रस्थितिमा अग्रपन्तीमा रहेर सेवा गर्ने गाउँपालिकाका चिकित्सक, नर्स, स्मपुर्ण स्वस्थ्य कर्मी, सुरक्षाकर्मी, गाउँपालिकाका कर्मचारीहरु, एमबुलेन्स चालक लगायत सम्पुर्ण राष्ट्र सेवकको उच्च प्रसंसा गर्दै हार्दिक आभार व्यक्त गर्दैछु ।

विकास निरन्तर चलिरहने प्रकृया हो । उपलब्ध श्रोत साधनहरुको प्रभावकारी उपयोग मार्फत जनताको आबश्यकता एवं चाहानाको प्राथमिकिकरण गर्दै जनताहरुकै सहभागितामा कालिकामाई गाउँपालीकाको विकास गरि सम्वृद्ध बनाउनु आजको आबश्यकता हो । आर्थिक,सामाजिक, राजनितिक, साँस्कृतिक, तथा शैक्षिक लगायत समग्र क्षेत्रको विकास गरि यसको प्रतिफलको सम्मान एवं समन्यायिक वितरण मार्फत जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनमा प्रस्तुत निति तथा कार्यक्रम सफल हुने छ ।

यो नीति तथा कार्यक्रम र बजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

- आर्थिकविकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजश्व परिचालनमा योगदान पुर्याउने
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने
- कालिकामाई क्षेत्रको कला र संस्कृतिको पहिचान र प्रबर्द्धन गर्ने,
- स्थानीय नागरिकको आवश्यकता र मागलाई सम्बोधन गर्ने
- जनताको जीवनस्तरमा प्रत्यक्ष फाइदा हुने, आय आर्जन गर्न तथा रोजगारीमा बृद्धि हुने,
- कोभिड-१९ ले गर्दा यस गाउँपालिकामा देखिएको समसयाले गर्दा समाधान हुने ,
- गाउँपालिका भित्र रहेको सम्पुर्ण परिवार वर्गमा जिवन यापन गर्न आवश्यक रहेको खाद्यान सामानहरुको आपुर्ती हुने,
- प्रत्येक नागरीकहरुको स्वास्थ्य सम्सया समाधान हुन,

**कालिकामाई गाउँपालिकाले आ.ब. २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको व्यहोरा प्रस्तुत गर्दछु ।**

- वर्तमान संविधानले गरेको व्यवस्था तथा प्रावधानहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- चालु आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधानहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : कोभिड-१९, (कोरोना भाइरस) सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, माहामारी तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु

सम्माननीय सभाअध्यक्ष ज्यू ,

अब म यस कालिकामाई गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत आ.व. २०७७।०७८ को यस गाउँपालिकाको बिकासका लागि आबश्यक रहेको मुख्य मुख्य नीति तथा कार्यक्रम र बजेट बारे संक्षिप्त रुपमा यस गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस कार्ययोजनाको विस्तृत विवरण गाउँसभाले पास गरे बमोजिम गाउँपालिकाको बार्षिक योजनाको पुस्तकबाट प्रस्टहुनेछ ।

## पूर्वाधार विकास

**भौतिक पूर्वाधार तथा संरचना विकास :**

१। नेपालको संविधानले परिकल्पना गरेको संघीयता अनुसार स्थानीय तह घोषणा गरी निर्वाचन सम्पन्न गरिसकेको अबस्थामा स्थानीय सरकारको रुपमा गाउँ कार्यापालिकाले कार्य गर्नुपर्ने हुँदा यस कालिकामाई गाउँपालिकाको दिगो र नतिजामूलक विकासका लागि गाउँपालिका गुरुयोजना तयार गरि कार्यान्वायनमा जोड दिईनेछ ।

२। सम्भावित प्रकोप दुर्घटना र यस गाउँपालिका बासीको सुरक्षाको लागि शहरी बिकास मन्त्रालयबाट जारी बस्ती बिकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्गदर्शन लागु गरिनेछ ।

३। दिगो नतिजामूलक विकासको लागि गाउँपालिका गुरुयोजना, खानेपानी तथा सरसफाई गुरुयोजना अगामी वर्ष आवधिक गाउँपालिका विकास योजना, भु-उपयोग योजना एवं प्रकोप व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा जोड दिईने छ ।

४। सम्भावित प्रकोप, दुर्घटना र आम गाउँपालिका वासीको सुरक्षाको लागि शहरी विकास मन्त्रालयबाट जारी राष्ट्रिय भवन सहिता एवं भवन निर्माण मापदण्ड र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट जारी **वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन- २०७२** लाई कडाईका साथ लागु गरिने छ ।

५। गाउँपालिका भित्रका मुल सडक कम्तिमा २४ फिट (नाला सहित), सहायकसडकहरु १८ (नाला सहित)फिट र पुराना वस्तीहरुका साँघुरा सडकहरुलाई समेत प्रत्येक घर सम्म एम्बुलेन्स, दमकल पुग्न सक्ने गरी सहमति एवं नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु मर्मत संभार र स्तोरन्नती गरिनेछ ।

६। कम्तीमा ८ मिटर चौडा सडक संग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडागरी खानेपानी, विद्युत पोल, ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा नयाँ प्लटिङ्गको अनुमति प्रदान गरिनेछ । साथै अव खोलिने सवै नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटर चौडा हुनेछ ।

७। विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पर्दाथ गाउँपालिका स्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिने छ ।

८। आकस्मीक मर्मत संभारको लागि संभारकोषको व्यवस्था गरी संचालनमा ल्याईने छ ।

९। गाउँपालिकामा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु सम्भाव्यता, स्थानिय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट संचालन गरिने छ ।

१०।पांच ५ लाख भन्दा माथिका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित होर्डिङ्ग बोर्ड लगाईने छ ।

११। वढ्दो सार्वजानिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानिय जनसहभागितामा नियन्त्रण गरी ऐतिहासिक, धार्मिक स्थलहरुका साथै सार्वजानिक जग्गाहरु खोजी संरक्षण गरिने छ ।

१२। प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने निति लिई गुणस्तरीय विकास निमार्णमा जोड दिईने छ ।

१३। एक गाउँ एक बहु-उपयोगी पोखरीको अवधारणा अनुसार पोखरीलाई स्तरोन्नती गरी त्यस क्षेत्रलाई गाउँपालिकाको रमणिय र धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना वनाई बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

१४।सिचाईका मुहानहरु सुक्दै गएको र भु-क्षय भई बाँध बाध्न कठिन भएको वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी गाउँपालिका भित्रका सिचाँई बाँध तथा पैनीहरुको मुहान संरक्षण,मर्मत संभार तथा सिचाई सुविधाको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

१५। गाउँपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई केन्द्र स्तरका सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरी पठाईने छ ।

१६। सडक मर्मत तथा निर्माण गर्दा स्थायी योजना बनाई निर्माण कार्यको थालनि गरिने छ । अस्थायी र अल्पकालिन योजनहरु प्राथमिकतामा राखिने छैन ।

१७सडक निर्माण गर्दा गाउँबासिहरुको जनजिबन लाई सहज बनाउने गरि बाताबरण मैत्रि सडकको रुपमा बिस्तार गरी बृक्षारोपण कार्यलाई समेत प्राथमिकता दिइनेछ ।

१८।सार्वजनिक सडकहरु बाह्रै महिना सूचारु राखिनेछ । यसका लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

१९।गाउँपालिकाको आधुनिक भवननिर्माणको लागि जग्गाको पहिचान गरिनेछ ।भवन निर्माणको लागि नेपाल सरकार तथा प्रदेह सरकार संग आवश्यक समन्वय गरी स्रोतको व्यवस्था मिलाइनेछ । साथै वडा कार्यालयहरुको भवन निर्माणको लागि विशेष पहल गरिनेछ ।

२०।बसपार्क निर्माणको लागि जग्गाको पहिचान गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य अगाडी बढाइने छ।

२१।आधुनिक बजारको लागि जग्गा पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन सहित कार्य अगाडि बढाइनेछ ।

२२। विकासको मेरुदण्ड सडक भएको, ग्रामिण तथा शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भूमिका भएकोले पक्की सडक विकास तथाढल निकासको लागि योजनाबद्ध प्रयासहरु गरिनेछ ।

२३।गाउँपालिका अन्तर्गत एकवटा रङ्गशाला निर्माण गरिनेछ ।

२४। सडक बत्ती व्यवस्थापन तथा सुधारका लागि आवश्यक कार्यहरु अगाडि बढाइनेछ ।

२५।यस कालिकामाई गाउँपालिका अन्तर्गत रहेको टोल बस्तीहरुलाई जोडने गरी नाला निर्माण कार्यको परियोजना अगाडी बढाईने छ ।

२६।गाउँपालिका अन्तर्गतको मुख्य सडकमा, गाउँ बस्तीमा तथा मुख्य चौकहरुमा सोलार बत्ती व्यवस्थापनको कार्य अगाडी बढाईने छ ।

२७ गाउँपालिका अन्तर्गत सम्पुर्ण वडा जोडनेगरी रिङ रोडको निर्माण गर्ने कार्य अगाडी बढाईने छ ।

२८। पुर्वाधार विकास कृयाकलापहरु संचाल गर्न विपद जिखिम संवेदनशिल्तालाई केन्द्रविन्दुमा राखि कार्यव्यन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा स्टिमेट गर्ने व्यवस्था मिलाउने छु।

## आर्थिक विकास

१। नेपाल कृषी प्रधान देश रहेको हुनाले यस गाउँपालिका अन्तर्गतको कृषकहरुलाई बौज्ञानिक कृषी प्रणाली द्धारा खेतीपाती गर्न कृषकहरुलाई आव्श्यक व्यवस्था मिलाउन पहल गरिने छ।

२। कृषि उपज तथा कृषि जन्य उतपादनमा आत्मनिर्भर्ताको लागि उद्धमशिल्ताको प्रबद्धन गर्न मल,विउँ, किटनाशक औषधिको उपलब्धता , उतपादित वस्तुको भणडारण तथा प्रसोधन र बजार व्यवस्थामा सहजिकरण गर्न र सिचाँईसुविधा गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ।

३। आर्गानिक तरकारी खेती तथा प्राङ्गारिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस गाउँपालिकामा युवा स्वः रोजगार कार्यक्रम संचालन गर्न सम्बन्धित निकायमा पहल गरिने छ।

४। उन्नत पशु पालन पशु विमा गोठ तथा भकारो सुधार जस्ता कार्यक्रमहरु संचालनमा विषेष पहल गरिने छ।

५। भौगोलिक अबस्था र हावा पानी हेरी प्राबिधिकहरुलाई माटो परिक्षण गराई हावा पानी र माटो अनुसार अन्न खेती, तरकारी खेती, फलफुल खेती, नगदेबालीको खेती गर्न योग्य जमिनलाई पकेट क्षेत्र घोषणा गरी सोहि अनुसारको कृषि उत्पादन गर्ने निति अबलम्बन गरिनेछ।

६। एक गाउँ एक उत्पादनको लागि कालिकामाईको पहिचानको रुपमा तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ।

७। गाउँपालिकामा बिभिन्न विषयको कृषि विशेषज्ञहरुको ब्यबस्था गरी किसानलाई कृषि उत्पादनमा सहयोग गर्ने व्यबस्था मिलाईनेछ।

८। किसानलाई आबश्यक पर्ने मलखाद, बिउ बिजन, बिषादी इत्यादी सुपथ मूल्यमा सहजढङ्गले उपलव्ध गराउने व्यबस्था मिलाईनेछ।

९। मासु तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई व्यावसायीकरुपमा आत्मानिर्भरताका लागी उत्पादन गर्ने व्यबस्था मिलाई प्रोत्सान गरिनेछ।

१०।कालिकामाई गाउँपालिकाभित्र उत्पादित कृषिजन्य उपजको बजार व्यबस्थापन गरिनेछ।

११।व्यबसायिक पशुपालन र कुखुरापालनमा जोडदिदै आगामि पाँच बर्ष भित्र कालिकामाई गाउँपालिकालाई दुग्धजन्य पदार्थ र मासुमा आत्मानिर्भर बनाउदै बाहिर निकासी गर्न सकिन ब्यबस्थाको थालनि गरिनेछ।

१२।गरीब, दलित, पिक्षणा बर्गमा आय आर्जनको लागि बृधी विकास गर्न पशुपन्छी वितरण कार्यक्रमहरुलाई अगाडी पढाईने छ।

१३। कृषकहरुको मनोबल बढाउन कृषक पाठ शिक्षा कार्यक्रमको लागि आवश्यक पहल गरिने छ।

१४।किसानको लागत मुल्य प्राप्तिको सुनिशिचता लागि कृषि तथा पशु विमा कर्यक्रमलाई प्रोतसाहित गर्न नितिगत तथा कार्यक्रमगत व्यवस्था गरिने छ।

## सहकारी क्षेत्रको विकास, गरिवी न्युनीकरण र पर्यटन प्रवर्द्धन :

१। सहभागिताको माध्यमबाट ग्रमिण क्षेत्रमा समेत सहकारी क्षेत्रको परिचय र विकासका वारेमा सामाजिक परिचालन मार्फत सचेतिकरण कार्यक्रम संचालन गरिने छ।

२। विपन्न लक्षित समुहका लागि आय मूलक र सीपमूलक तालिम प्रदान गरी लघुउद्यम संचालन र विकासको लागि प्राविधिक सहयोग गरी गरिवी न्युनीकरणमा टेवा पुर्याइने छ ।

३। गाउँमा हुने विकास निर्माणका कार्यमा स्थानिय सिप,साधन र श्रोतको उपयोगलाई प्राथमिकता दिईने छ ।

४। विविध धर्म संस्कृति भएका मठ मन्दिर आदिमा स्थानिय कला संस्कृति झल्कने खालका कार्यक्रम लागि आवश्यक पहल गरिने छ ।

५। कालिकामाई मन्दिर लगायत गाउँपालिका अन्तर्गतका अन्य धार्मिक तथा ऐतिहासकि स्थलहरुलाई पर्यटकिय क्षेत्र तथा पिकनिक स्पोर्टको रुपमा विकास गरि ppp मोडमा संचालनको व्यवस्था मिलाईने छ ।

६। गाउँपालिका क्षेत्र भित्र अन्य पर्यटकिय क्षेत्रको पहिचान गरी कार्य योजना सहित सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ ।

७। गाउँपालिका अन्तर्गत गाउँपालिका स्तरीय पर्यटन व्यवसायको लागि स्थल छनौट गरी पार्क बनाउने कार्य अगाडी बढाईने छ ।

## सामाजिक विकास

शिक्षा :-

- ✓ १.राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धि मूलक बनाउन शिक्षा शाखा र गैह्र सरकारी संस्थाहरु बीच समन्वय गर्दै यथाशिघ्र निरक्षरता उन्मुलन गरिने छ ।
- ✓ २. सामुदायिक विद्यालयहरुको भौत्तिक पूर्वाधार विकास स्तोरन्नतिको लागि आवश्यक सहयोग र सरोकारवालाहरु संग समन्वय गरी व्यवस्थित गर्दै लगिने छ ।
- ✓ ३. शिक्षा क्षेत्रको खसकिदो गुणस्तरलाई ध्यानमा राख्दै सम्बन्धित सरोकारवाला निकायहरु संग समन्वय गरी गाउँपालिका अन्तर्गतका सवै शिक्षण संस्थाहरुको नियमित अनुगमन र नियमन गर्दै गुणस्तरीय शिक्षामा जोड दिईने छ ।
- ✓ ४. गाउँपालिका क्षेत्रबाट उत्कृष्ट नतिजा ल्याउँने शिक्षण संस्था तथा उत्कृष्ट छात्र छात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरी प्रोत्साहन गरीने छ ।
- ✓ ५.कालिकामाई गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुको बिबरण संकलन गरि सोको अबस्थाको बारेमा अध्यायन गरि विद्यालयको शैक्षिक गुणस्तरलाई क्रमिक रुपमा सुधार गर्दै लैजाने निति अबलम्बन गरिनेछ ।
- ✓ ६. सबै विद्यालयको शैक्षिक भौतिक पूर्बाधार बृतिबिकासका लागि बिद्यालय का शिक्षक र बिद्यार्थी अनुपातमा आन्तरिक दरबन्दी मिलान गरि शैक्षिक सत्र २०७६ देखि सामुदायिक बिद्यालयहरुको सब भन्दा तल्लो कक्षामा अनिबार्यरुपमा अग्रेजी माध्यमबाट अध्ययन अध्यापन कार्य अगाडि बढाईनेछ । सो कार्यका लागि शिक्षक तालिम कक्षा कोठा ब्यबस्थापन लगाएतका कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ ७. प्रत्येक सामुदायीक विद्यालयका शिक्षकहरुलाइ बिद्यार्थीको सिकाई उपलब्धी प्रति जिम्मेबार बनाईनेछ र बिद्यार्थीको सिकाई उपलब्धीको आधारमा शिक्षकलाई दण्ड र पुरस्कारको ब्यवस्था गरिनेछ ।
- ✓ ८.विद्यालयमा सबैका लागि आचारसंहिता लागु गरिने छ ।

- ✓ ९.राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेल कुदमा भाग लिने गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउँन सहयोग पुर्याउँने प्रशिक्षक ज्यू हरुलाई प्रोत्साहन गर्न पुरस्कार सम्मान व्यवस्था मिलाईने छ ।
- ✓ १०.माध्यमिक तथा आधारभुत विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ ११.गाउँपालिकाको प्रत्येक विद्यालयमा पोसाक अनिवार्य गरिनेछ ।
- ✓ १२.शिक्षण पेशालाईमर्यादित र सम्मानित बनाउन राजनैतिक प्रभावबाट मुक्त राखिने छ । यसबाट शिक्षण पेशामा व्यावसायिकताको बिकास हुनेछ ।
- ✓ १३. बालबिकास केन्द्रमा भौतिक संरचनाको बिकास गर्दै बाल बिकास सहयोगीहरुको क्षमता अभिबृद्धि गर्दै न्यायोचित सेवा सुबिधाको व्यवस्था गरिनेछ ।
- ✓ १४.कालिकामाई गाउँपालिकाको सबैवडाहरुको शिक्षाका कार्यक्रमहरुका साथै सामुदायिक सिकाई केन्द्रका कार्यक्रमहरुलाइ प्रभाबकारी रुपमा संञ्चालन गर्न जोड दिईनेछ ।
- ✓ १५ विद्यालय बन्द रहेको अवश्थामा नेपाल सरकारले तोकेको मापदणड बमोजिम बैक्लपिक विधिहरुको प्रयोग गरी पठन-पाठन सुचारु गर्न आवश्यक व्यवस्था गरिने छ ।
- ✓ १६ सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारको निर्णय भएको अवश्थामा स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गरी पठन-पाठनलाई नियमित गर्न आव्शयक पर्ने पुर्वाधार निर्माण, खानेपानी, सौचालय तथा सरसफाईको प्रवन्ध गर्न आव्शयक व्यवस्था गरिने छ ।

**महिला, बालबालिका तथा अन्य लक्षित समुह विकास :**

- ✓ १ विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सम्रग महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।
- ✓ २. बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने निति लिईने छ ।
- ✓ ३. बाल संजाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- ✓ ४. आपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई आपाङ्ग मैत्री वनाउदै लगिने छ ।
- ✓ ५. यस गाउँपालिकालाई निकट भविष्यमै बालमैत्री गाउँपालिका तुल्याउँने नीति अंगिकार गरिने छ ।
- ✓ ६ ज्येष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षमा विशेष जोड दिईने छ ।
- ✓ ७.दलित एवं आदिवासी/जनजाति, मधेशी, मुर्सलिम, पिछडा वर्ग हक अधिकारको प्रर्वद्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ ८. महिला, बालबालिका, आदिवासी/जनजाति, मधेशी, मुर्सलिम, पिछडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सिप विकासका लागि सिपमूलक, चेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

स्वास्थ्य

- ✓ १. गाउँपालिका क्षेत्रमा जनस्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने सवै सरकारी तथा गैरसरकारी संघ संस्था तथा निजि क्षेत्रहरु संग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई प्रोत्साहन गरिने छ ।
- ✓ २ गाउँपालिका भित्र आयुवेर्दिक चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्ने व्यक्ति र संघ संस्थाहरुलाई आवश्यक सहयोग र प्रोत्साहन गरीने छ ।
- ✓ ३. सर्वसाधारणका लागि नेपाल सरकारले सरकारी स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क उपलब्ध गराउँने औषधी तथा अन्य सेवाहरु पारदर्शि रुपमा वितरण गरिने छ ।
- ✓ ४. स्वस्थ्य सेवाका लागी आबश्यक पर्ने उपकरण औजारहरु तह अनुसार तुरुन्त व्यबस्था गर्ने रणनिति अपनाईनेछ ।
- ✓ ५. संघिय सरकार र प्रादेशिक सरकारद्धारा तोकिएका औषधिहरु समयमै उपलव्ध गराउन सम्बन्धीत निकायसँग समन्वय गरि तुरुन्त उपलब्ध गराउने बाताबरण बनाईनेछ ।
- ✓ ६. स्वास्थ्यचौकी प्राथमिक स्वास्थ्य केन्द्रको पूर्वाधारलाई प्राथमिकतामा राखी आबश्यक बजेट बिनियोजन गरिनेछ ।
- ✓ ७. जेष्ट नागरीकहरुको उपचारको लागि शिविरको संचालन गर्ने कार्य अगाडी बढाईने छ ।
- ✓ ८ . अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य ईकाईबाट प्रदान गरिने खोप सेवा सुरक्षित मातृत्व तथा प्रजन्न स्वास्थ्य, पोषण लगायतका सेवाहरु र उपचारात्मक सेवाको लागि आव्शयक औषधि, उपकरण  तथा स्वास्थ्य सामाग्रीको लागि आव्शयक बजेट व्यवस्था गरिने छ ।

वातावरण तथा विपदव्यवस्थापन

- ✓ १.कालिकामाई गाउँपालिका वडा नं. १, मुडली र गाउँपालिकालाई यस आ.ब. मा नै खुल्ला दिशा मुक्त सरसफाईमा नमुना गाउँपालिकाको रुपमा घोषणा गरिने छ । .
- ✓ २.खाली पर्ती जग्गा तथा सडकको दायाँ बाँया उपभोक्ता समुह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरी हरियाली प्रवर्द्धन गरिने छ ।
- ✓ ३. गाउँपालिकाको फोहरमैला व्यवस्थापनमा निजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजानिक निजि साझेदारी ( P P P ) मोडेलको अवधारण अनुरुप कार्य गर्ने निति लिईने छ ।
- ✓ ४. सरसफाई बानी व्यहोरा परिवर्तन गर्ने जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।
- ✓ ५. फोहरलाई श्रोतमा न्युनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्याँउन लगाई कुहिनेलाई कमपोष्ट मल बनाउने, नकुहिने फोहर मध्ये कुन प्रयोजन हुनेलाई बेचेर मोहर बनाउने तथा अन्य काम नलागने फोहरहरु मात्र रुटिन अनुसार गाउँपालिकाको फोहर उठाउने सवारीमा सिधा राख्ने व्यवस्था मिलाई सरसफाई प्रवर्द्धन गरिने छ ।
- ✓ ६.. ढल, नाला तथा लैण्डफिल साईड व्यवस्थापनमा आवश्यक पहल गरिने छ ।

- ✓ ७. गाउँपालिका क्षेत्र भित्र प्लास्टिक प्रयोगमा बन्देज लगाई सार्वजानिक निजि साझेदारी ( PPP ) मोडेलको अवधारण अनुरुप वातावरण मैत्री झोला उत्पादन गर्न प्रत्साहित गर्दै प्रविधिमा आवश्यक सहयोग गरिने छ ।
- ✓ ८.जथाभावी फोहर गर्ने, सार्वजानिक स्थान र सडकहरुमा अवरोध हुने गरी पशु चौपाया छोड्ने तथा निर्माण सामाग्री राख्ने लाई फोहर मैला व्यवस्थापन ऐन नियमावली अनुसार कार्यावाही गरिने छ ।
- ✓ ९. शौचालय बनाई प्रयोगमा ल्याएका घर परिवारलाई यथाशिघ्र सरसफाई कार्ड वितरण गरी उक्त कार्डलाई नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा अनिवार्य गरिने छ ।
- ✓ १०. सम्भाव्य विपद सम्बन्धि जनचेतना,बिपद पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वायनमा पहलगरिनेछ ।
- ✓ ११ गाउँपालिका स्तरीय बिपद व्यबस्थापन कोष खडागरी राहात, उद्धार र पुनस्थापना कार्यलाई व्यबस्थीत गरिनेछ ।
- ✓ १२ जलबायु परिबर्तन अनुकुलन कार्ययोजना निर्माण गर्न आबश्यक पहल एबं सम्बन्धित निकाय र संघ/संस्थाहरुसँग समन्वय गरिनेछ ।
- ✓ १३ नदिकटान र बाढी पहिरो प्रभावित क्षेत्रको अध्यायनगरी नियन्त्रणात्मक कार्यसंचालनमा जोड दिईनेछ ।
- ✓ १४ सार्वजानिक पर्ति, जग्गाहरु खोजी संरक्षण र वृक्षारोपन गरी हरियाली प्रवर्द्धन गर्दै जथाभावी वन फडानी नियन्त्रण गर्न सहयोग पुर्याइने छ ।
- ✓ १५ यस गाउँपालिका अन्तर्गत रहेको नालाको सम्सयालाई हटाउन नाला निर्माण कार्यलाई अगाडी बढाउन आव्सयक पहल गरिने छ ।
- ✓ १६ विपदको समयमा विपद व्यवस्थापन गर्नको लागि विपद व्यवस्थापन कोष खडा गरी सो संचालन गर्नको लागी विपद व्यवस्थापन संचालन कार्यविधि २०७६ लाई अझै प्रभावकारी रुपमा लागु गर्न कार्यविधि ऐनलाई संशोधन गरी संचालन गरिने छ ।
- ✓ १७. कोभिड-१९ तथा अगामी आउने दिनहरुमा विपदको रोकथाम तथा न्युनिकरणको लागी पुर्वतयारी प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न विपद व्यव्सथापन कोषमा आवश्यक बजेट विनियिजन गरी जम्मा गरिने छ ।

**राजश्व सम्भाव्यता, बजार र वित्तिय व्यवस्थापन :**

- ✓ १. गाउँपालिका वासीले तिर्ने कर शुल्क नै गाउँपालिकाको समृद्धीको आधार हो, भन्ने तथ्यलाई मनन गर्दै नतिजा मूलक दिगो विकासका लागि श्रोत जुटाउन गाउँपालिका वासीहरुलाई वोझ नहुने र सर्व स्वीकार्य हुने गरी सरल वैज्ञनिक र प्रभावकारी कर प्रणली मार्फत करका दरहरु कायम गरी गाउँपालिकाको दिगो श्रोतको रुपमा एकिकृत सम्पत्ति कर अगामी आ.व. देखि सवै गाउँपालिका वासीहरुलाई करको दायरामा ल्याईने छ ।
- ✓ २. गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखा संग आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईने छ ।
- ✓ ३. उधोग वाणिज्य संघ संगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाई करको दायरामा ल्याईने छ ।

- ✓ ४. वार्षिक रु. १ लाख भन्दा बढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईने छ ।
- ✓ ५. गाउँपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिई घर दैलो सेवा उपलब्ध गराईने निति अवलम्बन गरिने छ ।
- ✓ ६. कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट गाउँ कार्यपालिकाको निर्णय अनुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन पुरस्कार उपलब्ध गराउनुको साथै दरवन्दी अनुसार पद पुर्ति नभएको अवस्थामा कार्यालय समय वाहेक समेत कार्यालयको काममा खटिने अन्य कर्मचारीहरुलाई समेत उचित सुविधा उपलब्ध गराईने छ ।
- ✓ ७. राष्ट्रिय भवन सहिंता र भवन निर्माण मापदण्ड बमोजिम बनेका पुराना घरहरुको नक्सा पास गर्ने, नयाँ भवन संरचनाहरु मापदण्ड बमोजिम बनाउन नक्सा पास गरी स्वीकृति दिने एवं मापदण्ड नपुगेका गाउँपालिका घोषणा हुनु आगावै बनेका पुराना घर संरचनाहरु सार्वजानिक जग्गा र सडकमा पर्ने भए हटाउन लगाई अन्यको हकमा लगत लिई गाउँपालिकाले तोके अनुसारको राजस्व अशुल गरी अभिलेखीकरण गरी गाउँपालिका घोषणा हुनु पुर्व र पछि वनेका घरहरुको रेकर्ड अध्यावधिक गरिनेछ ।
- ✓ ८. नक्सा पास र स्वीकृती विना आफु खुशी बनाएका घर संरचनाहरु मापदण्ड विपरित भए निजकै खर्चमा भत्काउँन लगाई स्थानिय शासन संचालन ऐन, २०७४ अनुसार संरचना धनिलाई दण्ड जरिवाना गरी कानुनी दायरामा ल्याई व्यवस्थीत शहरी विकासमा जोड दिने छ ।
- ✓ ९. फोहर मैला व्यवस्थापनको लागि बजार क्षेत्र र फोहर बढि गर्नेहरुसँग सरसफाई शुल्क लिई सरसफाईको व्यवस्थापन मिलाईने छ ।
- ✓ १०. राजश्व सम्भाव्यता अध्ययनबाट प्राप्त सुझाव अनुसार राजश्वका अन्य क्षेत्रहरु समेत पहिचान गरी करको दर भन्दा दायरा बढाउने तर्फ पहल गर्नुको साथै नागरिकको सचेतीकरणको लागि कर शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- ✓ ११. यस गाउँपालिका क्षेत्रमा पटके पसलहरु हाट बजार तथा अन्य सार्वजनिक सम्पत्ति गाउँपालिका बाहेक अन्य संघ संस्था तथा निकायहरुले समेत ठेक्का बन्दोवस्त गरी सो को आम्दानी लिईरहेकोमा त्यस प्रकारको गैर कानुनी कार्यलाई पुर्ण रुपमा रोकी सम्पूर्ण आम्दानी रकम गाउँपालिकामा प्राप्त हुने गरी एकद्वार प्रणलीबाट राजस्व परिचालन गरिने व्यवस्था सुनिश्चित गरिने छ ।
- ✓ १२. उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानिय प्रहरी प्रशासन, उद्योग वाणिज्य संग, संचार कर्मी र अन्य सरोकारवाला निकायहरु संग समन्वय गरी बजारमा हुने कृत्रिम आभाव, एकाधिकार र कालो बजारीलाई नियन्त्रण गरिने छ ।
- ✓ १३ . कोभिड-१९ को कारण वयपार, व्यव्साय तथा सेवा क्षेत्रमा पर्न गएको नकरात्म असरबाट राहत प्रदान गर्न व्यवसाय कर , घर बहाल कर जस्ता करका क्षेत्रमा परेका असरका मुल्यांकन गरि कर सहुलियत प्रदान गर्न आव्शयक कानुनी व्यवस्था मिलाउने छु ।
- ✓ १४ . कोभिड-१९ को कारण कर तथा गैरकर राज्शवमा पर्न सकने असरलाई आंकलन गरी आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्त परक बनाउने छु ।

**प्रशासन, सुशासन तथा पारदर्शिता :**

- ✓ १.गाउँपालिका कार्यालयका प्रत्येक शाखाको फाईलिङ्ग, रेकडिङ्ग प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गर्दे लैजानुका साथै कार्यालय संगठन शाखा,उपशाखा र कर्मचारीको विवरण तयार गरी आध्यावधिक गर्दै लगिने छ ।
- ✓ २. पुराना पेश्की वेरुजु असुल उपर गर्दै कामको आधारमा भुक्तानी दिने व्यवस्था मिलाई विकास निमार्णको कार्यमा पेश्की वेरुजु शून्य निति अवलम्बन गरिने छ ।
- ✓ ३. गाउँपालिकाका कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक बापत रकम उपलब्ध गराई तोकेको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउँन लगाउने व्यवस्था गरिने छ ।
- ✓ ४. कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिने छ ।
- ✓ ५. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निमार्ण गरी सेवाग्रही प्रति सम्मान पूर्ण व्यवहार गर्ने नितिलाई प्रभावकारी बनाईने छ ।
- ✓ ६. नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन गाउँपालिका प्रतिबद्ध रहने छ ।
- ✓ ७. गाउँपालिकाको गतिवीधिलाई विद्युतिय संचार माध्यमबाट सार्वजनिक गर्ने निति अनुरुप कार्यालयको आधिकारीक वेभ साईट तथा स्थानिय एफ एम बाट प्रसारण गरिने कार्यको सुरुवात गरिने छ ।
- ✓ ८. गाउँपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी पारदर्शि एवं जन उत्तरदायी बनाउन सघन अनुगमन, बुलेटिन ब्रोसर प्रकाशन, सार्वजानिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजानिक परिक्षण प्रगति समीक्षा नियमित रुपमा गरी सु-शासनको प्रत्याभुती दिईने छ ।

**संस्थागत बिकास र सुशासन :**

- ✓ १. गाउँपालिकाको संगठन संरचना चुस्त दुरुस्त र छरितो बनाई गाउँपालिकाबासिले मितव्ययी सर्वसुलभ र गुणस्तरिय सेवा प्राप्तगर्ने अधिकारलाई सुनिश्चित गर्न आगामि आर्थिक बर्षमा गाउँ कार्यपालिकाको संगठन र व्यबस्थापन सर्बेक्षण गरी कार्यअगाडी बढाईनेछ ।
- ✓ २ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा ईकाईको सेवा प्रभावलाई सम्भव भएसम्म सुचना प्रविधि मैत्री बनाउन आवश्यक बजेट वेवश्था मिलाउने छु ।
- ✓ ३ं गाउँपालिकाको बिकासको लागि बिकास साझेदार मैत्री बाताबरणको सृजना गरिनेछ ।
- ✓ ४. ठुला बिकास आयोजनाहरुमा निजी क्षेत्रको लगानिलाई आकर्षण गरिनेछ । कानुन विपरीत नहुनेगरी स्थानीय कानुन तथा संरचनाको निर्माणगरिनेछ ।
- ✓ ५. गैरसरकारी संस्था परिचालनमा एकद्धार नीति अवलम्बन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल गैरसरकारी संघ/संस्थाहरुको बस्तुगत बिबरण तयार गरि प्रत्यक बर्ष अध्याबधिक गरिनेछ । संस्थाहरुको बिज्ञता, अनुभब, उपलब्धश्रोत, समुदाय परिचालनको अबस्था, कार्यसम्पादन स्तरको मूल्याङकन गर्दै गरिबिनिबारण, लैगिक समाबेसीकरण लगायत सामाजिक परिचालनका लागि क्षेत्र प्राथमिकताका आधारमा परिचालन गरिनेछ ।

- ✓ ६.सूचनाको हक सम्बन्धी ऐन, २०७४ को प्राबधान अनुरुप गाउँसभा तथा कार्यपालिकाका निर्णयहरु २४ घण्टा भित्रै सार्बजनिक गर्ने परिपाटिको बिकास गरिनेछ ।
- ✓ ७. गाउँपालिका र वडा कार्यालयहरु मार्फत सेवा प्रवाहका लागि आबश्यक पूर्वाधार निर्माण गरी कार्यसंचालन गरिनेछ ।
- ✓ ८. गाउँपालिकाको सम्पूर्ण कार्यहरु अनलाईन प्रणली मार्फत संचालन गर्न आवश्यक व्यबस्था मिलाईनेछ ।
- ✓ ९. व्यक्तिगत घटना दर्ता कार्यलाई आगामि आर्थिक बर्षदेखी विद्युतिय अभिलेख राख्ने कार्यको सुरुवात गरिनेछ ।
- ✓ १०. भ्रष्टचारजन्य क्रियकलाप प्रति शुन्य सहनशिलताको अबधारणा मार्फत सु-शासनको प्रत्याभुत प्रदान गरिनेछ ।
- ✓ ११. गाउँपालिकाको सेवा प्रवाहलाई जनमुखी, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, कानुनी, शासन आधारभुत सिद्धान्त अनुसार संञ्चालन गरिनेछ । साथै नगरपालिका द्धारा सम्पादन गरिने प्रत्यक क्रियाकलापलाई नागरिक प्रति उत्तरदायी हुने पद्धतिको विकास गरिनेछ ।
- ✓ १२.जनशक्ति विकास, संगठनात्मक संरचना, सुचनामैत्री कार्य सम्पादन र सेवा प्रवाह लाई विशेष प्राथमिकता दिइनेछ ।

**समाननीय सभा अध्यक्ष ज्यु,**

अब मैले माथि उल्लेखित निति तथा कार्यक्रमले लिएको लक्ष्य पुरा गर्नको लागि यस गाउँपालिकाले आ.व.२०७७।०७८ का लागि विनियोजन गरेको आय व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु । यसको विस्तृत विवरण गाउँपालिका विकास योजनको पुस्तिका मार्फत प्रकाशित हुने नै छ । यस गाउँपालिकाको यस आ.व.मा आय तर्फ शर्शत अनुदान रु.११,५९,००,०००।-, राजश्व वाडफाट तर्फ रु.५,५५,९८,०००।-, आन्तरिक स्रोतबाट रु.८९,००,०००।-, प्रदेश सरकारको राजश्व बाडफाड रु.२५,००,००० वितिय समानिकरण तर्फ रु.९,३१,००,०००।-, सामाजिक सुरक्षा भता वापत रु.६,००,००,०००।-, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु.०।- , गत वर्षको अल्या.रु.३,५०,००,०००, र समपुरक अनुदान रु १६००००० युनिसेफको सहयोगमा बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु.१५,००,०००। प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु.१९९३३,०००।-, , तराई मधेशी समृधि कार्यक्रम रु ३०,००,०००।- र गरि कुल रु.४०२५५१००० र व्ययतर्फ चालू रु.२२,८४,००,०००।- र पुजिंगत रु.१७,४१,५१,०००।- रहने लक्ष्य लिईएको छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिका विकास योजनालाई स्वीकृतीका लागि गाउँ सभामा पेश गर्ने क्रममा बस्ती तह, वडा समिति, वडा वासी, गाउँमा कृयाशिल राजनैतिक पार्टीहरु, विषयगत क्षेत्रहरु,नागरिक समाज,सरोकारवाला निकाय, ब्यापारी, पत्रकार, कालिकामाई गाउँ कार्यपालिका परिवार, गाउँपालिका कर्मचारी परिवार लगायत सम्बद्ध पक्षले पुरयाउनु भएको सहयोग र सहभागिता उल्लेखनिय रहेको छ ।

कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट असहज प्रस्थिति ततकाल समान्य अवश्थामा आउन सकने नदेखीएकोले यसको असरलाई न्युनिकरण गर्दै जनजिवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौती हो । यस किसिमको महामारीबाट बचनको लागि तपाइ गाउँ सभा सद्सय ज्यूहरु, कार्यपालिकाको सम्पुर्ण कर्मचारीहरु यस गा.पा. भित्रको स्वास्थ्य कर्मीहरु, सुरक्षाकर्मीहरु, सफाईकर्मीहरु तथा एम्बुलेन्स चालक र कोरेन्टाईनमा खटिनु भएका व्यक्तिहरु अभार प्रकट गर्दै हर्दिक धन्यबाद ज्ञापन गर्दछु र अगामी दिनमा पनी यसतै साथ र सहयोगको तपाईहरुबाट अपेक्षा राखद्छु ।

सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागि भई छैठो गाउँ सभा आयोजना गर्ने क्रममा यहाँहरुबाट प्राप्त साथ र सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा अब म यस कालिकामाई गाउँपालिकाले माथि उल्लेखित नीति तथा कार्यक्रमहरु स्वीकृत गरिदिनहुन गाउँ सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

उपाध्यक्ष
राजेश कुमार चौरसिया